नि.प्र.का. सप्तरी द.नं. ९२/०४८/०४९ स.नि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३२ अंक २२५ २०७९ साल चैत २५ गते शनिबार (8 Apr. 2023 Saturday) मूल्य रु. ५/-

**हावाहुरीबाट बचौं र बचाऔं**

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका थुनौं,
- छानालाई राम्ररी हुक तथा तारले कसेर बाधौं,
- छराका गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं।

हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं।

**जनहीतका लागि**

Log in : rajbirajdainik.com.np

यस अंक भित्र : २ पृष्ठमा : खस्किएको अर्थतन्त्रलाई लयमा. ३ पृष्ठमा : आमाकै नाममा नागरिकता दिने व्यवस्था.. ३ पृष्ठमा : बन्दुक हिंसा नियन्त्रण..

# माग पुरा गराउन हरवाचरवाहरु पैदलै जनकपुर पुग्दै




**दैनिक समाचारदाता**
**राजविराज, २४ चैत ।**

हरवाचरवा प्रथा मुक्ति घोषणा भएको ९ महिना वितिसक्दा पनि सरकार कार्यान्वयन गर्न गम्भिर नदेखिएको भन्दै विभिन्न मागसहित हरवाचरवाहरु शनिबारदेखी पैदलै जनकपुरमा भेला हुने भएका छन् ।

मधेश प्रदेशको आठ वटै जिल्लाका हरवाचरवा दवाव दिन जनकपुरमा भेला हुन लागेका हुन् । शुक्रवार राजविराजमा पत्रकार सम्मेलनको आयोजना गरी राष्ट्रिय हरवाचरवा अधिकार मञ्चका महासचिव लागेन्द्र सदाले सो जानकारी गराएका हुन् ।

२०७९ साल साउन २ गते सरकारले हरवाचरवा प्रथाको मुक्तिको घोषणा गरेपनि व्यवहार र कार्यान्वयन पक्ष फितलो भएको भन्दै हरवाचरवा पुनः आन्दोलित भएका हुन् । उनीहरुले मुक्त हरवाचरवाको रोजगारी, सामाजिक समावेशीकरणको सुनिश्चितता, जातीय छुवाछुत गर्नेलाई कडा कार्वाही, भूमिहीनलाई भुमि र हरवाचरवाको बैंक ऋण मिनाहा लगायतका मागहरु अघि सारेका छन् ।

मुक्त हरवाचरवाको न्यायिक पुनः स्थापना हाम्रो सरोकार, भूमि, शिक्षा, स्वास्थ्य, रोजगार र समाजिक सुरक्षा हामो अधिकार नाराका साथ राजविराज र विरगन्जबाट शनिवार बिहान ९ बजे एकैसाथ पैदल यात्रा शुरु हुने पत्रकार सम्मेलनमा जानकारी गराइएको छ ।

राजबिराजबाट शुरु हुने हरवाचरवा अधिकार यात्रामा सप्तरी, सिराहा, महोत्तरी र धनुषाका १ हजार ५ सय हरवाचरवा अगुवा सहभागि हुने राष्ट्रिय दलित नेटवर्कका केन्द्रीय अध्यक्ष गणेश विश्वकर्माले जानकरी दिए ।

यस्तै बिरगन्जबाट निस्कने अधिकार यात्रामा पर्साका साथै रौतहट, बारा र सर्लाहीका हरवाचरवाका अगुवाहरुको सहभागिता रहने जनाइएको छ ।

जनकपुरमा भेला भएपछि आमसभा तथा प्रदेश सरकारलाई ज्ञापनपत्र र त्यस पश्चात् समिक्षा बैठक गरी थप दवावका लागि काठमाडौंसम्मको पैदल यात्राको कार्यक्रम तय गरिने योजना रहेको पत्रकार सम्मेलनमा जानकारी गराइएको छ । यात्रा चैत्र २९ गते जनकपुर पुग्ने अनुमानको साथ सोही अनुसारको तयारी गरिएको जनाइएको छ ।

# थ्रेसरमा कपाल बेरिएर गम्भिर घाइते भएकी महिलाको उपचारका क्रममा मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, २४ चैत ।**

सप्तरीको खडक नगरपालिका ८ खेस्राहामा थ्रेसरमा गहु दाउने क्रममा कपाल बेरिएर घाइते भएकी महिलाको उपचारका क्रममा शुक्रबार मृत्यु भएको छ ।

स्थानिय गुदर मियाँको ३५ वर्षिया श्रीमती मैहरुम खातुनले आफनै खेतमा गहु थ्रेसरमा दाउने क्रममा बुधबार थ्रेसरको पटामा कपाल बेरिएर घाइते भएकी थिइन् ।

आफ्नै खेतमा भाडाको प्रदेश-२-०१-००१ त.०२१५ नम्बरको ट्याक्टरमा लोड भएको गहुँ थ्रेसर मेसिनमा गहुँ दाउने क्रममा अचानक थ्रेसरको पट्टामा कपाल फँसी टाउकोमा गम्भिर चोट लागेका उनको उपचारकै क्रममा बिहान बिराटनगरस्थित गोल्डेन अस्पतालमा मृत्यु भएको हो ।

प्रहरीका अनुसार थ्रेसर मेसिनमा कपाल फस्दा टाउकोको आधी छाला समेत ताछिएको थियो । जिल्ला प्रहरी कार्यालय सप्तरीका डिएसपी नरेशकुमार सिंहले घाइते महिला खातुनको उपचारको क्रममा मृत्यु भएको पुष्टि गर्दै थ्रेसर मेसिन लापरवाहीपूर्ण तरिकाले प्रयोगमा ल्याउने ट्याक्टर चालक फरार रहेको र उनको खोजि कार्य भइरहेको जनाएका छन् ।

# आगलागिमा नगदसहित लाखौं मुल्य बराबरको धनमाल जलेर नष्ट

**दैनिक समाचारदाता**
**राजविराज, २४ चैत ।**

सप्तरी सदरमुकाम राजविराज, हनुमाननगर कंकालिनी र शम्भुनाथको छुट्टाछुट्ट स्थानमा बिहीबार भएको आगलागिमा नगदसहित लाखौं मुल्य बराबरको धनमाल जलेर नष्ट भएको छ ।

राजबिराज वडा नं. १५ देउरी भरुवा निवासी धर्मदेव यादवले थ्रेसरबाट गहु दाउने क्रममा अचानक आगलगि हुँदा चार जनाको घर, नगद तथा अन्नपात जलेर नष्ट हुँदा अन्दाजी ११ लाख ३५ हजार मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

सो आगलागिमा धर्मदेव यादवको फुसको घर, स्थानिय नरायण मण्डलको फुसको घर तथा नगद १ लाख २५ हजार, कुशे मण्डलको फुसको घर तथा छेबु मण्डलको फुस घरगरि उक्त मुल्य बराबरको क्षति भएको हो ।

यस्तै बिहीबारै हनुमाननगर कंकालिनी नगरपालिका वडा नं. १३ गोबरगाडास्थित बिसुनदेब यादवको फुसको घरमा खाना पकाउने क्रममा आगलगी भई हुँदा नगद ६५ हजार, लत्ताकपडा, आखन्न लगायतगरि १ लाख २३ हजार मुल्य बराबरको धनमाल जलेर नष्ट भएको छ ।

यसैगरि बिहीबारै जिल्लाको शम्भुनाथ नगरपालिका वडा नं. ३ नरहिया निवासी चुलाही सरदारको परालको टालमा अचानक आगोलागि हुंदा ४० जहार मुल्य बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

यस्तै बिहीबारै राजविराज नगरपालिका वडा नं. ११ झलही निवासी बालेश्वर यादवको परालको टालमा अचानक आगलागी हुँदा १५ हजार मुल्य बराबरको क्षति भएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

सम्पूर्ण स्थानमा भएको आगलागिलाई नेपाल प्रहरी, बारुणयन्त्र र स्थानियवासीको सहयोगमा नियन्त्रणमा लिइएको थियो ।

# विभिन्न बिद्यालयमा ५ करोड २३ लाखको भवन निर्माण हुदै

**दैनिक समाचारदाता**
**राजविराज, २४ चैत ।**

राजबिराज वडा नं. १ स्थित राजदेबी ठाकोदेवी जोगेन्द्र भगत माध्यमिक बिद्यालयमा ४ कोठे भवनको शुक्रबार शिलान्यास गरेका छन् ।

बिद्यालयको प्रागणमा आयोजित एक कार्यक्रमबीच राजबिराज नगरपालिकाकी कार्यबाहक प्रमुख इसरत परविन र वडा नं. १ अध्यक्ष चन्द्रशेखर चौधरीले संयुक्त रूपमा बिद्यालय भवनको शिलान्यास गरेका हुन् ।

राष्ट्रिय योजना आयोगको कार्यक्रम अन्तर्गत राजबिराज नगरपालिकाको साझेदारीमा संचालित कुल १ करोड १८ लाख बराबरको लागतमा ४ कोठो भवन निर्माण हुन लागेको हो ।

उक्त भवनको निर्माण गर्नका लागि ठेकेदार/निर्माण व्यवसाय भगत ग्रुप अफ कन्सट्रक्सन प्रालि काठमाण्डौले जिम्मा पाएको छ । भवन २०८० असार २० गते भित्र निर्माण कार्य सम्पन्न गर्ने




सम्झौता भएको राजबिराज नगरपालिका योजना अधिकृत मनोज यादबले जानकारी दिए ।

राष्ट्रिय योजना आयोग अन्तर्गत राजबिराज नगरपालिकाको वडा १ सहित ४, ९, १३ र १५ बिद्यालय भवन निर्माणका लागि ४ करोड ४४ लाख ८७ हजार दुई सय ३३ रूपैया २४ पैसाको लागतमा बिद्यालय भवन निर्माण हुन लागेको राजबिराज नगरपालिका ईन्जिनियर अशोक दासले बताए ।

तत्कालिन पुर्व भौतिक पुर्वाधार तथा यातायात मन्त्री रेणु यादव तथा राष्ट्रिय योजना आयोग सदस्य उमाशंकर साहको पहलमा राजबिराज नगरपालिकाको विभिन्न बिद्यालयमा भवन निर्माण गर्न योजना स्वीकृत भएर निर्माण कार्य सुरू भएको योजना अधिकृत यादबले जानकारी दिए ।

योजना अन्तर्गत राजदेवी माविमा १ करोड १८ लाखको ४ कोठा भवन, देउरी भरुवा स्कुलमा १ करोड १८ लाखको ४ कोठा भवन, देवकोटा स्कुलमा ७८ लाखको ४ कोठा, ६ केन्द्र स्कुलमा ७८ लाखको ४ कोठा भवन, बिसहरिया माविमा ७८ लाख को ४ कोठा भवन र मलेठ स्कुलमा ४८ लाख को दुइको कोठा भवन निर्माण गरिने योजना अधिकृत यादबले बताए ।

राजबिराज नगरपालिकाको

***बाँकी अन्तिम पृष्ठमा***

# दमको औषधीको सट्टा झुक्किएर विषादी खादा गम्भिर बिरामी

**दैनिक समाचारदाता**
**राजविराज, २४ चैत ।**

झुक्किएर किरा मार्ने विषादी खादा एक बृद्ध गम्भिर बिरामी भएका छन् । सप्तरीको विष्णुपुर गाउँपालिका २ का ७० वर्षिय रामधनी साह गम्भिर बिरामी परेका हुन् ।

तरकारी खेतीमा किरा मार्न प्रयोग गरिने क्राइथोस नामक विषादीलाई दमको औषधी ठानेर खादा उनी बिरामी परेको प्रहरीले जनाएको छ । उनी दमका रोगि समेत हुन् ।

उनले पहिलेदेखी नै दम रोगको औषधी सेवन गर्दै आएका थिए । शुक्रबार बिहान सोही औषधीको छेउमै राखिएको किरा मार्ने क्राइथोस नामक औषधी झुकिएर खादा गम्भिर बिरामी परेको डिएसपी नरेश कुमार सिंहले जानकारी दिएका छन् ।

उनको छिन्नमस्ता अस्पताल राजबिराजमा उपचार भइरहेको तथा घटना बारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।

## सम्पादकीय

### बालश्रम न्युनिकरणका लागि ठोस नीति आवश्यक

बालश्रम यस्तो जटिल शब्द हो जुन सरकारी नीतिलाई कार्यान्वयन गर्न सकिएको छैन् । सरकारले बालबालिकाहरुलाई उचित शिक्षा दिक्षा दिनका लागि विभिन्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गरेपनि त्यसको खासै असर परेको छैन । घरको आर्थिक अवस्था कमजोर रहेका कारणले कत्तिपय बालबालिकाहरु बाध्य भई होटल, घर तथा ईटा भट्टाहरुमा समेत बालश्रम गर्न बाध्य छन् । उनीहरु त्यही श्रम गरेर आफ्नो र परिवारको पेट पालिरहेका छन् ।

भविष्यका कर्णाधार मानिने बालबालिकाहरु सहर मात्र नभएर ग्रामिण भेगहरुमा रहेका होटल तथा लँजहरुमा समेत दिनभरी बालश्रम गर्न बाध्य छन् । होटल तथा ईटा भट्टामा काम गर्ने बाल मजदुरहरु मध्ये अधिकांशको घरायसी समस्या रहेकाले बालश्रम गर्न बाध्य भएको अवस्था छ । कसैको आमाबुबा नरहेकाले बालश्रम गरीरहेका छन भने कत्तिपयले घरको आर्थिक अवस्था कमजोर भएकाले पढ्न नसकेर बालश्रम गरी आफ्नो र आफ्नो घर परिवारको समेत गुजारा गरिरहेका छन ।

तसर्थ बालश्रमलाई न्युनीकरण तथा व्यवस्थापनका लागि सरकारी एउटा ठोस नीति आवश्यक रहेको छ । यसप्रति बालबालिकालाई शिक्षामा समान पहुँचका लागि सम्बन्धीत निकायको गम्भिर ध्यानाकर्षण हुनु पनि उत्तिकै जरुरी छ । अनि मात्र बालश्रम केही न्युनिकरण हुन सक्छ ।

# खस्किएको अर्थतन्त्रलाई लयमा ल्याउने प्रयत्नमा अर्थमन्त्री

काठमाडौं, २४ चैत (रासस) ।

अर्थतन्त्र सङ्कटतर्फ उन्मुख भएको भन्दै निजी क्षेत्रले चिन्ता व्यक्त गरिरहेका बेलामा अर्थमन्त्री डा प्रकाशशरण महतले अर्थतन्त्र सुधारका लागि सक्रिय पहल सुरु गर्नुभएको छ ।

यही चैत १७ मा अर्थमन्त्रीको सपथ लिएसँगै उहाँ अर्थतन्त्र सुधारका लागि नेपाल राष्ट्र बैंकका गभर्नरदेखि निजी क्षेत्रका प्रतिनिधिसँग छलफल, सुझाव सङ्कलन तथा अन्तर्क्रियामा व्यस्त रहनुभएको छ । एक सातामा देखिएको उहाँको सक्रियता र अभिव्यक्तिले अर्थतन्त्रको सुधार र विकासमा केन्द्रित भएको सरोकारवालाले टिप्पणी गरेका छन् ।

"अर्थतन्त्रमा देखिएका समस्या पहिचान भइसकेका छन्", अर्थमन्त्री डा महतले भन्नुभयो, "ती समस्या समाधानका लागि कार्ययोजना बनाएर कार्यान्वयन गर्ने बाटोमा अग्रसर छौं ।" अर्थतन्त्रलाई लयमा ल्याउने गरी आफूले काम गर्ने र जनतामा आशा जगाउने काम गर्ने उहाँको भनाइ छ ।

निजी क्षेत्रले पनि अर्थतन्त्र बुझेको विज्ञ अर्थमन्त्री अर्थमन्त्रालयको नेतृत्वमा आउँदा आफूहरूले उठाएका माग सम्बोधन हुनेमा विश्वास व्यक्त गरेको छ । अर्थमन्त्री भएलगत्तै गभर्नर, नेपाल उद्योग वाणिज्य महासङ्घ, सेयर लगानीकर्ता, नेपाल धितोपत्र बोर्ड, नेपाल बैंकर्स एशोसिएसन, राजस्व चुहावट नियन्त्रण समितिलगायत सङ्घसंस्था एवं सरोकारवालासँग परामर्श गरिसक्नुभएको छ । साथै विदेशी दातृ निकाय र विकास साझेदारसँग पनि मुलुकको अर्थतन्त्रको सुधारलगायतका विषयमा महत्वपूर्ण छलफल गर्नुभएको छ ।

उहाँले आम चासो र मागबमोजिम अर्थतन्त्र सुधारका लागि अर्थमन्त्रीले सरोकारवाला निकायसँग निरन्तर छलफल गर्नुभएको छ । उहाँको सक्रियताबाट अर्थतन्त्र सुधारका लागि ठोस पहल हुनेमा निजी क्षेत्रमा आशा पलाएको छ ।

यसअघि गत पुस १० मा पुष्पकमल दाहाल 'प्रचण्ड' को नेतृत्वमा गठित वर्तमान सरकारको पहिलो मन्त्रिपरिषद्को बैठकले अर्थतन्त्रको सुधार, सुशासन र समृद्धिलाई विशेष प्राथमिकतामा राखेको थियो ।

अर्थतन्त्रमा देखिएको समस्या समाधानका लागि रणनीतिक छलफल सुरु गर्नुभएका अर्थमन्त्रीले क्रमशः सरकारप्रति विश्वास जगाउने र अर्थतन्त्र सुधारका लागि प्रयत्न गर्ने प्रयास थालेको बताउनुभएको छ । बाह्य र आन्तरिक वातावरण पनि अर्थतन्त्र ह्रासोन्मुख देखिएकाले सुधारका लागि विश्वास दिलाउनु नै पहिलो महत्वपूर्ण काम भएको सरोकारवालाको भनाइ छ । सरकारले क्रमशः विश्वासको वातावरण बनाउँदै लगेको छ । अर्थमन्त्री डा महतले सङ्कटको घडीमा पुगेको देखिएको मुलुकको अर्थतन्त्रलाई उकास्न सरकारका सबै प्रयत्न केन्द्रित हुने धारणा पद बहालीका क्रममा पनि राख्नुभएको थियो ।

खासगरी ब्याजदर वृद्धि, तरलता अभावजस्ता मुख्य समस्याले निजी क्षेत्रमा चिन्ता छाएको छ । अर्थमन्त्री डा महतले निजी क्षेत्रको मागबमोजिम ब्याजदर घटाउन तथा तरलता वृद्धिका लागि केन्द्रीय बैंकका अधिकारीसँग पनि छलफल गर्नुभएको छ । गभर्नरसँगको छलफलमा नागरिकलाई राहत दिने गरी ब्याजदर, पुँजीबजार, घरजग्गा कारोबार, लघुवित्त संस्था, सहकारीमा देखिएका समस्या समाधानका लागि तत्काल कदम चाल्न उहाँले आग्रह गर्नुभएको छ ।

वित्त नीति र मौद्रिक नीतिमा तालमेल नहुँदासम्म अर्थतन्त्रले गति लिन सक्दैन । अर्थतन्त्रको समग्र परिदृश्य र बजारको विश्वास बढाउने काम शेयर बजारले पनि गर्ने भएकाले मुलुकका अर्थ प्रशासन ठोस कार्ययोजनाका साथ अगाडि बढ्नुपर्ने देखिन्छ । सरकारले धितोपत्र बोर्ड र नेपाल स्टक एक्सचेन्जका अधिकारीसँग पनि बजार विस्तार तथा शेयर बजारको सुधारका लागि सकारात्मक पहल थालेको छ । त्यसको परिणाम केही दिनमा देख्ने अपेक्षा गर्न सकिन्छ ।

अर्थमन्त्रीका रूपमा डा महतको पहिलो दायित्व राजस्व सङ्कलनमा वृद्धि गर्नुपर्नेमा छ । वैदेशिक मुद्राको सञ्चितिमा परेको चाप रोक्नका लागि सरकारले केही वस्तुको आयातमा गरिएको कडाइका कारण राजस्व सङ्कलन प्रभावित हुन पुग्यो । वस्तु आयातमा कडाइ गरिए पनि अवैध आयात नरोकिँदा बजारमा अभाव भने देखिएन । बरु भन्सार प्रशासनले प्रभावकारीरूपमा अनुगमन तथा नियन्त्रण गर्न नसक्दा अवैध कारोबार मौलाउने मौका भने पाइरह्यो । त्यसको नियन्त्रणका लागि केही दिनअघि मात्रै उपप्रधानमन्त्री एवं गृहमन्त्री नारायणकाजी श्रेष्ठको उपस्थितिमा अर्थमन्त्रालयले सम्बद्ध निकायका अधिकारी सम्मिलित छलफल गरिसकेको छ । भन्सार राजस्व चुहावटमा शून्य सहनशीलताको नीति अख्तियार गरिएको छ ।

अर्थसचिव तोयम रायका अनुसार राजस्व सङ्कलनमा क्रमशः वृद्धि हुँदै पनि गएको छ । उद्योग व्यवसायमा गिरावट आउँदा कर्जा तिर्नसक्ने अवस्थामा सङ्कुचन देखिएको छ । यस्तो अवस्थामा वित्तीय संस्थाप्रति विश्वास बढाउनु जरुरी छ । पुँजीगत खर्च बढाउनैपर्ने दबाव पनि छ । प्रधानमन्त्री प्रचण्डले बिहीबार मात्रै राष्ट्रिय समस्या समाधान समितिको बैठकमा पुँजीगत खर्च बढाउन सबै उपायको अवलम्बन गर्न सबै मन्त्रालय, विभागलाई निर्देशन दिनुभएको छ ।

यस सन्दर्भमा अर्थमन्त्री डा महतले ब्याजदर घटाउने, अन्तर्राष्ट्रिय दातृ निकायलाई विश्वासमा लिन प्रयत्न गर्नुपर्नेछ । बढ्दो मुद्रास्फीतिलाई वाञ्छित सीमाभित्र राख्दै क्रमशः घटाउने, आर्थिक वृद्धि गर्नेलगायतका महत्वपूर्ण कार्य पनि उहाँको नेतृत्वमा तत्कालै सम्पादन गर्नुपर्ने अवस्था छ ।

गत वर्ष यतिबेला नेपाल श्रीलङ्का बन्ने त होइन भन्ने चर्चा चलेको थियो । गत वर्षदेखि नै सुरु भएको रुस युक्रेन युद्धका कारण विश्व बजारमा देखिएको आर्थिक असहजताको असर यहाँसम्मै आइपुग्ने को कि भन्ने त्रास पनि अझै सकिएको छैन । यस्तो त्रासको अवस्थामा नेपालजस्तो तेस्रो मुलुकको अर्थतन्त्र जोखिममा पर्नु पनि स्वाभाविकै हो । यो त्रासबाट मुक्त गरी आर्थिक विकासका लागि नेपाली नागरिकमा आशा जगाउनु अर्थमन्त्री डा महतको पहिलो चुनौती हो ।

**यस्तो छ अवस्था**

चालु आर्थिक वर्ष सकिन अब तीन महिना मात्रै बाँकी छ । चालु आवका लागि सरकारले रु १४ खर्ब तीन अर्ब १४ करोड ७० लाख बराबरको राजस्व सङ्कलन गर्ने लक्ष्य राखेकामा आजसम्म रु छ खर्ब ३४ अर्ब २३ करोड ७५ लाख मात्रै सङ्कलन भएको छ । यो कूल लक्ष्यको ४५ दशमलव दुई प्रतिशत मात्रै हो ।

सरकारले कूल राजस्वमा कर राजस्वबाट रु१२ खर्ब ९५ अर्ब ३७ करोड ५८ लाख ़कलन गर्ने लक्ष्य राखेकामा हालसम्म रु पाँच खर्ब ७४ अर्ब १० करोड बराबर सङ्कलन गरेको छ । यो कूल लक्ष्यको ४४ दशमलव ३२ प्रतिशत बराबर हो ।

सरकारको खर्च र आम्दानीको हिसाब राख्ने महालेखा नियन्त्रक कार्यालयका अनुसार चालु आवको नौ महिनाको अवधिमा कूल रु १७ खर्ब ९३ अर्ब ८३ करोड ७३ बराबरको खर्च गर्नुपर्नेमा हालसम्म रु आठ खर्ब ६४ अर्ब ७८ करोड २६ लाख बराबरको खर्च भएको छ । यो कूल खर्चको ४८ दशमलव २१ प्रतिशत बराबर छ ।

कूल खर्चमध्ये चालु खर्च रु छ खर्ब ७६ अर्ब ३२ करोड ३१ लाख बराबर छ । यस्तै पुँजीगत खर्च रु ९९ अर्ब ४३ करोड ७९ लाख बराबर भएको छ । चालु आवमा सरकारले रु तीन खर्ब ८० अर्ब ३८ करोड ४५ लाख बराबरको पुँजीगत खर्च गर्ने लक्ष्य राखेको हो ।

सरकारको कूल आम्दानी रु छ खर्ब ३४ अर्ब २३ करोड ७५ लाख बराबर रहेकामा आजसम्म कूल रु आठ खर्ब ६४ अर्ब ७८ करोड २६ लाख बराबर रहेको छ । महालेखा नियन्त्रणको यो विवरणका आधारमा सरकारको आम्दानीभन्दा खर्च बढी रहेको स्पष्ट देखिन्छ ।

नेपाल राष्ट्र बैंकका अनुसार चालु आर्थिक वर्षको सात महिनामा रु छ खर्ब ८९ अर्ब ८८ करोड बराबरको विप्रेषण आप्रवाह भएको छ । त्यस्तै सो अवधिमा शोधनान्तर स्थिति रु एक खर्ब ३३ अर्ब २१ करोडले बचतमा छ । चालु खाता रु २९ अर्ब ६४ करोडले घाटामा छ । केन्द्रीय बैंकका अनुसार कूल विदेशी सञ्चिति रु १३ खर्ब ८३ अर्ब ३३ करोड बराबर छ । केन्द्रीय बैंकका अनुसार कूल विदेशी सञ्चितिमा १३ दशमलव आठ प्रतिशतले वृद्धि भएको छ ।

बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले १० दशमलव आठ महिनाको वस्तु आयात र नौ दशमलव चार महिनाको वस्तु तथा

*बाँकी तीन पृष्ठमा*

# स्वास्थ्य मन्त्रालयको प्रदेशद्वारमा कृत्रिम फोक्सो

काठमाडौं, २४ चैत (रासस) ।

स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले वायु प्रदूषणले गर्दा हुने असरबारे जानकारी गराउन मन्त्रालयको मूलद्वारमा कृत्रिम फोक्सो राखेको छ ।

विश्व स्वास्थ्य दिवसको अवसरमा मन्त्रालयले युएसआइडीको स्वच्छ हावा परियोजनासँगको सहकार्यमा सो स्थानमा कृत्रिम फोक्सो राखेको हो ।

स्वास्थ्य सचिव डा रोशन पोखरेलले वायु प्रदूषणका कारणले फोक्सोलाई कति असर गर्दछ भन्ने जानकारी गराउन र सचेतना फैलाउन मन्त्रालयको मूलद्वारमा कृत्रिम फोक्सो राखिएको बताउनुभयो । उहाँले दीर्घकालीन फोक्सोको रोग नेपालमा हुने मृत्युका कारणमध्ये एक रहेको र यसबाट लगभग ६६ प्रतिशत मृत्यु वायु प्रदूषणले हुने गरेको जनाउँदै वायु गुणस्तर खस्कँदै गएकाले वायु प्रदूषण कम गर्न चेतना फैलाउन कृत्रिम फोक्सो राखिएको बताउनुभयो ।

कार्यक्रममा मन्त्रालयका अतिरिक्त सचिव डा सङ्गीता कौशल मिश्राले वायु प्रदुषणसँगसम्बन्धी कानुनलाई कडाइका साथ पालना गरेर उपत्यकाको वायु प्रदूषण

*बाँकी अन्तिम पृष्ठमा*


डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ

डा. सन्तोष प्रसाद शाह
Dr. Santosh Prasad Sah
MBBS (T.U.), MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 15019
कन्सलटेन्ट फिजिसियन

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC Reg No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ

डा. यमेश यादव
Dr. Yamesh Yadav
MBBS (T.U), MS (Nobel Medical College, K.U.)
General and Laproscopic Surgeon
NMC Reg. No. : 16392
जेनरल सर्जन

सम्पर्क :
कृताञ्जली मेडिकल हँल
राजविराज
Mo. No : 9842830252, 9804605569

# आमाकै नाममा नागरिकता दिने व्यवस्था गर्न माग

काठमाडौं, २४ चैत (रासस)। प्रतिनिधिसभाका सांसदहरूले एकल महिलाबाट जन्मेको बच्चालाई मावलीको नभई आमाको थरबाटै जन्तदर्ता गर्ने व्यवस्था गर्नुपर्ने माग गर्नुभएको छ।

प्रतिनिधिसभाको शुक्रबारको बैठकको शून्य समयमा बोल्दै उहाँहरूले सरकारले हालै जारी गरेको एकल महिलाबाट जन्मेको बच्चालाई मावलीको थर राखी जन्मदर्ता उल्लेख गर्नुपर्ने व्यवस्थाप्रति असहमति जनाउँदै सो धारणा व्यक्त गर्नुभएको हो।

बैठकमा सांसद विद्या भट्टराईले एकल महिलाबाट जन्मिएको बच्चाको मावलीको थरबाट जन्मदर्ता गर्ने विषय नेपालको संविधानअनुसारको प्रावधान विपरीत रहेको बताउनुभयो। सांसदद्वय सुशीला थिङ र सुशीला श्रेष्ठले पनि एकल महिलाबाट जन्मिएका बच्चाको मावलीको थर राख्ने प्रावधानप्रति असहमति प्रकट गर्दै यसमा आमाको थर भन्नुपर्ने माग गर्नुभयो।

सांसद बिजुला रायमाझीले अर्घाखाँचीमा बेमौसमी वर्षाले पुर्‍याएको क्षतिप्रति जानकारी गराउँदै उचित राहतका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो। सांसद बिना लामाले गाउँपालिकाहरूमा सानो उपचारका लागि पनि ठूलो खर्च गरेर ठूला सहर धाउनुपर्ने बाध्यता हटाउन माग गर्नुभयो। सांसद विराजभक्त श्रेष्ठले यही चैत २१ गते चितवनमा हात्तीको सुँड काटिएको जानकारी गराउँदै दोषीलाई कारबाही गरी हिंसारहित पर्यटनतर्फ सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद शान्ति विकले अझै जातीय विभेद यथावत् रहेको अवस्थामा यसमा संलग्न दोषीलाई कडा कारबाही गर्न माग गर्नुभयो। सांसद शान्ति श्रेष्ठले जोरपाटी क्षेत्रमा चार पुल जीर्ण र साँघुरो भएको जानकारी गराउँदै नयाँ पुल निर्माणका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद शिव नेपालीले पोखरादेखि मुग्लिनसम्म सडक खण्ड स्तरोन्नति गर्ने क्रममा उड्ने धुलोले सर्वसाधारणको स्वास्थ्यमा असर पारेकाले शीघ्र निर्माण कार्य सम्पन्न गर्न माग गर्नुभयो।

सांसद शिशिर खनालले टोखा क्षेत्रमा बाटो निर्माणको क्रममा खानेपानीको पाइपमा भएको क्षतिले स्थानीय बासिन्दाले खानेपानीबाट वञ्चित भएको अवगत गराउँदै सो समस्या तत्काल समाधानका लागि माग गर्नुभयो।

सांसद शेरबहादुर कुँवरले पुँजीगततर्फको बजेट नै कम भएपछि विकासका गतिविधि प्रभावित हुने भएकाले यसमा बजेटको र खर्चको उचित व्यवस्था गर्न माग गर्नुभयो। सांसद शोभा ज्ञवालीले मिटरब्याज पीडित पश्चिम तराईमा पनि रहेको बताउँदै यो समस्या समाधान गर्दा कुनै पनि विषयबाट प्रभावित हुन नहुनेमा जोड दिनुभयो।

सांसद शङ्कर भण्डारीले सिन्धुलीगढीमा देशको रक्षाका लागि लडेका वीरयोद्धाको उचित कदर गर्न सरकारसँग माग गर्नुभयो। सांसद सरस्वती बजिमयले खोटाङ हलेसी क्षेत्रमा बाटो निर्माण तथा स्तरोन्नति गरी जोखिम नियन्त्रण गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद सरिता भुसालले पश्चिम नवलपरासीमा केही क्षेत्र गुगल नक्सामा भारतको नक्सामा देखिएकाले भन्दै यसबाट जनताले राज्यबाट लिने सेवा प्रभावित हुनुपरेको अवस्थामा समाधानका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद सुनिता बरालले कृषि क्षेत्रमा युवालाई संलग्न गराउन तथा आशामुखी बनाउन उत्पादनसँग जोड्ने कार्यक्रम ल्याउनपर्ने सरकारसँग माग गर्नुभयो। सांसद सुमना श्रेष्ठले यसअघिको साझा न्यूनतम कार्यक्रममा आफ्नो पार्टीले दिएका सुझाव समेटिएको भए पनि बिहीबारको नयाँ साझा न्यूनतम कार्यक्रमबाट हटाइएको भन्दै सरकारको ध्यानाकर्षण गराउनुभयो।

सांसद सञ्जय गौतमले आफ्नो जिल्लामा १० वर्षदेखि पुल बनाउन माग गरे पनि अझै निर्माण नभएको भन्दै शीघ्र निर्माणका लागि आग्रह गर्नुभयो।

सांसद ज्ञानबहादुर शाहीले सरकारले आन्तरिक उद्योगलाई बढावा दिने नीति ल्याउन माग गर्नुभयो। सांसद हरि ढकालले शून्य समयमा बोलेका कुरा सरकारले नसुनेको भन्दै एक मिनेट मौनधारण गर्नुभयो। सांसद ज्ञानेन्द्रबहादुर कार्कीले सुनसरी कोशी गाउँपालिकामा सिँचाइका लागि उचित प्रबन्ध गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउनुभयो।

# हरवाचरवालाई जमिन उपलब्ध गराउन अधिकार मञ्चको माग

काठमाडौं, २४ चैत (रासस)। राष्ट्रिय हरवाचरवा अधिकार मञ्चले हरवाचरवाको जीविकोपार्जनका लागि कम्तीमा १० कट्ठा जमिन प्रदान गर्नुपर्ने माग गरेको छ। मञ्चले शुक्रबार विज्ञप्ति जारी गरी विस्तृत कार्ययोजना र कार्यविधि सम्बन्धित मन्त्रिपरिषद्बाट अविलम्ब पारित गरी हरवाचरवाको जीविकोपार्जनका लागि आवश्यक पूर्वाधार उपलब्ध गराउन माग गरेको हो।

विज्ञप्तिमा वैकल्पिक रोजगारीमा लाग्न इच्छुक रोजगारीविहीनलाई तीन महिना, छ महिना र दीर्घकालीन प्रकारका सीपको तालिम, रू एक लाखको बीउपूँजी र आवश्यक औजार प्रदान गर्नुपर्नेमा जोड दिएको छ।

"नेपालमा हरवाचरवाभन्दा गरिब र भूमिहीन अरू कोही नभएकाले सडक, बिजुली, स्वच्छ खानेपानी, विद्यालय, स्वास्थ्य चौकी र सिँचाइ जस्ता न्यूनतम भौतिक पूर्वाधारसहित एकीकृत योजनासहितको बहुआयामिक गरिबी निवारण कार्यक्रम सर्वप्रथम हरवाचरवाको बस्तीमा थालियोस्", विज्ञप्तिमा भनिएको छ।

हरवाचरवाको लगत सङ्कलन, सत्यापन, परिचयपत्र वितरण, पुनर्स्थापना, सामाजिक विभेदको अन्त्य, मर्यादित जीवन, सामाजिक सशक्तिकरण, समावेशीकरण, शिक्षा, स्वास्थ्य, रोजगारी तथा सामाजिक सुरक्षाका मुद्दाहरू सम्बोधन गर्न केन्द्र, प्रदेश र स्थानीय तहलाई समन्वयात्मक ढङ्गले समस्याको हल गर्ने गरी आगामी नीति तथा कार्यक्रम तर्जुमा गरी बजेटमा ल्याउनुपर्ने मञ्चको माग छ।

जमिनको लालपुर्जा नभएका कारण आधाभन्दा बढी हरवाचरवा नागरिकताबाट वञ्चित हुनु परेको र नागरिकता नभएकै कारण उनीहरू राज्यबाट प्रदान हुने सामाजिक सुरक्षालगायत अन्य अवसरबाट वञ्चित हुनु परेको मञ्चको दाबी छ। "आफ्नो नाममा जमिन नहुनु, नागरिकतालगायत परिचयपत्र नभएकै कारण आजका दिनमा जमिनको मूल्य बढ्दै जाँदा विकासको बहानामा उनीहरूलाई विस्थापित गरिँदैछ। उक्त कार्यलाई तत्काल रोकी वैकल्पिक व्यवस्था गरियोस्", विज्ञप्तिमा उल्लेख छ।

### *खस्किएको अर्थतन्त्रलाई...*

सेवा आयात धान्न पर्याप्त रहेको छ। मुलुकको समग्र आर्थिक परिदृश्य यही हो। वैदेशिक सञ्चिति, शोधनान्तर स्थिति र विप्रेषण आप्रवाहमा सुधार आए पनि राजस्व सङ्कलन र सरकारको खर्चको अनुपात भने ऋणात्मक देखिएको छ। बैंक तथा वित्तीय संस्थामा तरलताको अभाव उस्तै छ। कोरोना कहरपछि समस्यामा परेको उद्योग व्यवसायमा बैंक तथा वित्तीय संस्थाको ब्याज दरमा भएको वृद्धिका कारण थप समस्या पैदा भएको छ।

नेपाल स्टक एक्सचेन्जका अनुसार शेयर बजारको कारोबार मापक नेप्से परिसूचक एक हजार आठ सय ६६ दशमलव ७९ मा ओर्लेको छ। सन् २०२२ को अप्रिल ६ तारिखमा कूल बजार पुँजीकरण रु ३४ खर्ब ४८ अर्ब आठ करोड बराबर रहेकामा बिहीबार रु २७ खर्ब चार अर्ब १६ करोड ५० लाख बराबर छ।


हनुमाननगर कंकालिनी नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

हनुमाननगर, सप्तरी

मधेश प्रदेश, नेपाल

**करार सेवामा स्वयंसेवक शिक्षक पदपूर्ति गर्ने सम्बन्धि सूचना।**

**प्रथम पटक प्रकाशित मिति: २०७९।१२।२१**

प्रस्तुत विषयमा यस हनुमाननगर ककालिनी नगरपालिका अन्तर्गत रहेका सामुदायिक विद्यालयको आधारभूत तह तथा माध्यमिक तहमा शिक्षकको उपलब्धतामा वृद्धि गर्न नगर स्वयंसेवक शिक्षक व्यवस्थापन कार्यविधी२०७९ बमोजिम आ.व. २०७९/०८० को लागि तपसिल बमोजिम करार स्वयंसेवक शिक्षक खुला प्रतियोगितात्मक लिखित परीक्षाको माध्यमद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले राजस्व तिरेको रसिद सहित यस नगरपालिकाबाट निर्धारित गरिएको ढाँचामा आवेदन पेश गर्नहुन सम्बन्धित सबैमा जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। रित नपुगी वा म्याद नाघेर आएको दरखास्त उपर कुनै कारवाही हुने छैन।

१. आधारभूत तह स्वयसेवक शिक्षकको पदपूर्ति विवरण :

| क.सं. | विज्ञापन नं. | माग संख्या | परिक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|
| १ | २०७९/०८०/० | ११ | रु. ७००।- | |

२ माध्यमिक तह स्वयंसेवक शिक्षकको पदपूर्ति विवरण :

| क.सं. | विज्ञापन नं. | विषय | माग संख्या | परिक्षा दस्तुर | कैफियत |
|---|---|---|---|---|---|
| १ | २०७९/०८०/०६ | अंग्रेजी | २ | रु. १०००।- | |
| २ | २०७९/०८०/०७ | गणित | १ | | |
| ३ | २०७९/०८०/०८ | विज्ञान | १ | | |
| ४ | २०७९/०८०/०९ | नेपाली | ३ | | |
| ५ | २०७९/०८०/१० | लेखा | २ | | |
| ६ | २०७९/०८०/११ | सामाजिक | २ | | |

३. परीक्षाको किसिम : (क) वस्तुगत र (ख) अन्तरवार्ता

४ परीक्षा मिति : परीक्षा मिति पछि प्रकाशन गरिनेछ।

५. आवश्यक न्यूनतम योग्यता :

आधारभूत तहकोलागि :

- आधारभुततह (१-८) का लागि सम्बन्धित निगगमा प्रशिणता प्रमाणपत्र तह वा सो सरहको परीक्षा उत्तिर्ण गरेको (शिक्षा विषयलाई प्राथमिकता दिइनेछ।

माध्यमिक तहकोलागि :

- माध्यमिकतह (९-१०) का लागि सम्बन्धित विषयमा स्नातकतह वा सो सरहको परीक्षा उत्तिर्ण गरेको (शिक्षा विषयलाई प्राथमिकता दिइनेछ)

६. उम्मेदवारले पेश गर्नुपर्ने आवश्यक कागजातहरु :

(क) नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि।

(ख) शैक्षिक योग्यताको प्रमाण पत्र

(ग) स्थाई अध्यापन अनुमति पत्र

(घ) हालसालै खिचेको पासपोर्ट साइजको फोटो (३ प्रति)

(ङ) वैदेशिक शिक्षण संस्थाबाट प्राप्त गरेको शैक्षिक योग्यताको हकमा समकक्षता प्रमाणपत्रको प्रतिलिपि।

७. उम्मेदवारको उमेरको हद :

- दरखान्त फाराम बुझाउने अन्तिम मिति २०८० वैशाख ०५ गते सम्ममा १८ वर्ष पुरा भई ४५ वर्ष उमेर ननाघेको हुनुपर्ने छ।

८. दरखास्त फारामसाथ पेश गरिएका प्रमाण पत्रका प्रतिलिपिहरुमा उम्मेदवार स्वयमले सक्कल बमोजिम नक्कल ठिक छ भनी प्रमाणित गरेको हुनु पर्नेछ।

९. विज्ञापन सम्बन्धी थप जानकारी :

(क) कुनै पनि शर्त राखी दरखास्त स्वीकृत गरिने छैन।

(ख) कुनै उम्मेदवारले झुट्टा विवरण (कागजात) पेश गरेको जानकारी हुन आएमा त्यस्तो उम्मेदवारको दरखास्त फाराम जुनसुकै बखत रद्द गरी कानून बमोजिम कारवाही गरिने छ।

(ग) लिखित परीक्षा शिक्षक सेवा आयोगले खुला प्रतियोगितात्मक परीक्षाको लागि तोकेको नयाँ पाठ्यक्रम बमोजिम हुनेछ।

१०. यस सम्बन्धमा थप जानकारिको लागि सम्पर्क नं. ९८०४६०५५०४, ९८०४७७४५४६

Email: ito.hanumannagarkankalinimun@gmail.com

हरिमोहन सुतिहार

(प्रमुख प्रशासकीय अधिकृत)

प्रमुख प्रशासकीय अधिकृत


## विश्व समाचार

### बन्दुक हिंसा नियन्त्रणको माग गर्ने दुई जना सांसद निष्काशित

न्यासभिल (टेनेसी), २४ चैत (रासस एपी)। बन्दुक हिंसा नियन्त्रणको माग गर्दै विरोधमा उत्रिएका टेनेसी राज्यका दुई जना सांसद् निष्काशनमा परेका छन्। राज्यका रिपब्लिकन सांसदले उनीहरूलाई निष्काशन गर्नेसम्बन्धी प्रस्तावलाई झिनो मतले स्वीकृत गरेपछि डेमेक्रयाटिक सांसद निष्काशनमा परेका हुन्। सोही दलका अर्को एक जना सांसद भने निष्काशनबाट जोगिएका छन्। हालै न्यासभिलस्थित एक प्राथमिक विद्यालयमा भएको गोलीकाण्डको प्रतिवाद गर्दै बन्दुक नियन्त्रण हुनुपर्ने आवाज उठाएका अश्वेत सांसद निष्काशनमा परेका हुन्। उनीहरूसँगै आवाज उठाएकी एक जना श्वेत सांसद भने निष्काशनबाट बचेकी हुन्। उनी एक मतले निष्काशनबाट जोगिएकी हुन्। निष्काशनमा परेका सांसदद्वयले आफूहरू राजनीतिक प्रतिशोधको शिकार भएको आरोप लगाएका छन्। गम्भीर दुर्व्यवहारको आरोप लागेका सांसदलाई सजाय दिन आरक्षित कानुनलाई राजनीतिक हतियारको रुपमा प्रयोग गरेर आफूहरूलाई निष्काशन गरिएको दाबी उनीहरूले गरेका छन्।

### फ्लोरिडाको तटमा विमान दुर्घटना हुँदा चार जनाको मृत्यु

भेनिस (फ्लोरिडा), २४ चैत (रासस एपी)। फ्लोरिडाको तट नजिक एउटा सानो विमान दुर्घटना हुँदा चार जनाको मृत्यु भएको छ। दुई जना महिला र दुई जना पुरुषको शव दुर्घटनास्थलबाट निकालिएको प्रहरीले बताएको छ। भेनिस विमानस्थलबाट उडेको केही बेरमा विमान बुधबार राति साढे नौ बजे दुर्घटना भएको जनाउँदै प्रहरीले विमानको भग्नावशेष बिहीबार बिहान पानीमुनि भेटिएको बताएको छ। फ्लोरिडाको मत्स्य तथा वन्यजन्तु संरक्षण आयोग, तट रक्षक र सुरक्षाकर्मीको सहायतामा खोजविन गरिएको थियो। दुर्घटनाग्रस्त विमानमा चार जनामात्र यात्री रहेका पनि प्रहरीको प्रारम्भिक प्रतिवेदनमा जनाइएको छ। गत डिसेम्बरमा पनि भेनिसमा सानो विमान दुर्घटना हुँदा तीन जनाको ज्यान गएको थियो। छोटो अवधिमा लगभग एकै स्थानमा एकै प्रकृतिका विमान दुर्घटना हुनुलाई नागरिक उड्डयन विभागका अधिकारीहरूले ती दुर्घटनाका बीच केही सम्बन्ध थियो वा थिएन भन्ने निष्कर्षमा तत्काल पुग्न नसकिने बताएका छन्। दुर्घटनाको कारणबारे अनुसन्धान भइरहेको छ।

### बलुच नेशनल आर्मीका संस्थापक पक्राउ

इस्लामावाद, २४ चैत (रासस सिन्ह्वा)। पाकिस्तानी गुप्तचर निकायले आतङ्कवादी सङ्गठनका एक जना नेतालाई पक्राउ गरेको बताएको छ। पाकिस्तानी सेनाको गुप्तचर इकाइबाट खटिएको एक टोलीले बलुच नेशनल आर्मी (बिएनए) का संस्थापक नेतालाई पक्राउ गरिएको शुक्रबार जनाएको हो। पाकिस्तानी सेनाको सञ्चार शाखा इन्टर सर्भिसेस पब्लिक रिलेसनस (आइएसपीआर)का अनुसार सेनाको गुप्तचर निकायले देशको दक्षिणपश्चिम बलुचिस्तान प्रान्तमा आतङ्कवादी गतिविधिमा संलग्न गुलजार इमाम उर्फ शम्बेलाई बिहीबार पक्राउ गरिएको हो। बिएनएले सुरक्षा निकायलाई लक्षित गरेर बारम्बार घातक आक्रमण गर्दै आएको छ। शम्बेको गिरफ्तारीबाट बलुचिस्तानमा आतङ्कवादी गतिविधि नियन्त्रणमा योगदान पुग्ने विश्वास आइएसपीआरले व्यक्त गरेको छ। शम्बेको गिरफ्तारी पाकिस्तानी जनता र सेनाको आतङ्कवादलाई परास्त गर्ने प्रतिबद्धताको एक अभिन्न अङ्ग भएको उल्लेख गर्दै आइएसपीआरले जारी गरेको विज्ञप्तिमा देशमा शान्ति, सुव्यवस्था कायम गर्न पाकिस्तानको राष्ट्रिय सेना दृढ रहेको उल्लेख गरिएको छ।

### घरको छत खस्दा एकै परिवारका सात जनाको मृत्यु

मेहतार्लाम (अफगानिस्तान), २४ चैत (रासस सिन्ह्वा)। अफगानिस्तानको पूर्वी लघमान प्रान्तको अलिसिङ जिल्लाको ग्रामीण भेगमा अवस्थित एउटा घरको छत खस्दा एकै परिवारका सात जनाको मृत्यु भएको छ। प्राकृतिक प्रकोप व्यवस्थापन तथा मानवीय मामिलासम्बन्धी प्रान्तीय निर्देशक खैर मोहम्मद गाजीका अनुसार शुक्रबार अपराह्न माटोको घरको छानो खस्दा एकै परिवारका सात जनाको ज्यान गएको हो। दुर्घटनामा बाबुआमासहित पाँच जना बालबालिकाको मृत्यु भएको छ। छतले किचेर एक आठ वर्षीया बालिका मात्र बाँच्न सफल भएकी तर उनको अवस्था पनि गम्भीर रहेको निर्देशक गाजीले बताएका छन्। घाइते ती बालिकाको स्थानीय स्वास्थ्य चौकीमा उपचार भइरहेको छ। वर्षौंको युद्धले तहसनहस भएको अफगानिस्तानका ग्रामीण क्षेत्रका घरहरू प्रायः माटोले बनेका छन्। भूकम्प, वर्षा र आँधीबेहरीलगायत प्राकृतिक प्रकोप झेल्न नसक्ने त्यस्ता घरमा बस्नेहरूको जीवन सधैं जोखिमपूर्ण हुने गरेको छ। यसैबीच, अफगानिस्तानको राष्ट्रिय सुरक्षा बलले पूर्वी पक्तिया प्रान्तमा लुकाएर राखिएका धेरै घातक हातहतियार फेला पारेको छ। देशको गुप्तचर निकायले तीन थान एन्टिएयरक्राफ्ट गन, ११ थान एके ४७ राइफल, सात थान आरपिजी र हजारौं गोली फेला पारिएको बताएको छ। हालै सोही सुरक्षा बलले गस्तीका क्रममा पूर्वी नान्गाहार प्रान्तको कामा र गोश्ला जिल्लाबाट एके ४७ राइफलसहित विभिन्न किसिमका सानाठूला गरी एक सय ९७ थान हतियार बरामद गरेको थियो।

# सिटी रिक्सा आफै अनियन्त्रित भएर दुर्घटना हुँदा एक युवती घाइते

**दैनिक समाचारदाता**
**राजविराज, २४ चैत ।**

सप्तरीको रुपनी गाउँपालिका १ रायपुरस्थित भित्रि सडक खण्डमा सिटी रिक्सा आफै अनियन्त्रित भएर दुर्घटना हुँदा एक युवती घाइते भएकी छिन् ।

रायपुरबाट रुपनीतर्फ आउदै गरेको को.१ह.७०८४ नं.सिट्टी रिक्सा बिहीबार आफै अनियन्त्रित भई दुर्घटना हुदाँ सिट्टीमा सवार स्थानिय २० वर्षिया किरण कुमारी साह घाइते भएको प्रहरीले जनाएको छ ।

उनको बाँया हात र टाउकोमा चोट लागेको तथा स्थानिय युनिक अस्पतालमा उपचार भईरहेको प्रहरीले जनाएको छ । प्रहरीले सिट्टी र चालक वडा नं. २ हेररहवा बस्ने ३० वर्षिय जिवछ साहलाई प्रहरीले नियन्त्रणमा लिई घटना बारे थप अनुसन्धान गरिरहेको जनाएको छ ।

# ‘सहकारीलाई सही ट्र्याकमा ल्याउनुपर्छ’

काठमाडौँ, २४ चैत (रासस) ।

भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयका सचिव डा दामोदर रेग्मीले सामाजिक, आर्थिक रुपान्तरणमा सहकारीले महत्वपूर्ण योगदान पु¥याएको बताउनुभएको छ ।

राष्ट्रिय सहकारी महासङ्घ र भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको संयुक्त आयोजनामा यहाँ जारी ‘तेस्रो सहकारी सम्मेलन’मा कार्यपत्र प्रस्तुत गर्दै उहाँले सहकारी विस्तार भएका ठाउँमा आर्थिक, सामाजिक सुधार भएको छ भन्नुभयो । मानव विकास सूचाङ्कमा सुधार ल्याउन पनि सहकारीले उल्लेख्य योगदान दिएको उहाँको भनाइ थियो । सचिव रेग्मीले भन्नुभयो, “सहकारी क्षेत्रले नेतृत्व विकासमा समेत टेवा पु¥याएको छ, स्वरोजगार, उद्यमशीलतामा समेत विशेष योगदान पुगेको छ, सहकारीको माध्ययबाट उत्पादन वृद्धि गरेर आयात कम गराउन पनि सहकारीले भूमिका खेलेको छ ।”

पूर्वसचिव गोपीनाथ मैनालीले स्वनियमन प्रभावकारी भएमा मात्र सहकारीमा सुशासन आउने जनाउँदै व्यवस्थापन, सञ्चालनको गुणस्तर सेवा, बाह्य पक्ष, चेक एन्ड ब्यालेन्स लगायतमा विशेष जोड दिनुपर्ने बताउनुभयो ।

‘भित्रैको मान्छेले समस्या देख्ने भएकाले स्वनियमन महत्वपूर्ण हुन्छ, ‘सदस्य नै ठूलो नियमक भएकाले चासो राख्नुपर्छ, नियमन गर्नुपर्छ, लेखा सुपरीवेक्षण समिति सक्रिय भएमा पनि सहकारी बचाउ अभियान चलाउनु नपर्ने हुन्छ ।” काठमाडौँ विश्वविद्यालयका प्रध्यापक डा विनोदकृष्ण श्रेष्ठले बिग्रेका सहकारीलाई सही ट्र्याकमा ल्याउनुपर्नेमा जोड दिँदै स्वनिमन मात्र नभई नियमन पनि आवश्यक रहेको बताउनुभयो ।

राष्ट्रिय सहकारी महासङ्घका सञ्चालक डिबी बस्नेतले सरकारले १० अर्ब सहुलियत ऋण दिएमा तरलता अभाव हटाउन सकिने बताउनुभयो । राष्ट्रिय सहकारी महासङ्घका पूर्वअध्यक्ष केशवप्रसाद बडालले सरकारले अभिभावकीय भूमिका निर्वाह गर्नुपर्ने बताउनुभयो ।

# अध्ययन गर्न विदेश जाने विद्यार्थी बढे

काठमाडौँ, २४ चैत (रासस) ।

पछिल्लो समय वैदेशिक अध्ययनका लागि विद्यार्थीको विदेश मोह बढ्न थालेको छ । शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयको वैदेशिक अध्ययन अनुमति शाखाको तत्थ्याङ्कानुसार गएको साउनदेखि यही चैत २२ गतेसम्म ८० हजार नेपाली विद्यार्थीले विदेशमा अध्ययन गर्न जान अनुमतिपत्र (एनओसी) लिएका छन् ।

उक्त शाखाले एनओसीका लागि अनलाइन आवेदन दिने व्यवस्था मिलाएको छ । अनलाइनमा आवेदन आएको एक दिनमा रुजु गर्ने र अर्को दिन एनओसी दिन थालिएको छ । बिहीबारमात्रै छ सय नौ अनलाइन आवेदन परेकामा पाँच सय २९ आवेदन स्वीकृत भएको वैदेशिक अध्ययन अनुमति शाखाका उपसचिव वासुदेव बस्तीले जानकारी दिनुभयो । उहाँका अनुसार आवेदन स्वीकृत भएका पाँच सय आवेदकले शुक्रबार एनओसी पत्र पाउनेछन् ।

वैदेशिक अध्ययन अनुमति शाखाका अनुसार विसं २०७८ को वैशाखमा एक हजार छ सय ९६, जेठमा चार सय ५६, असारमा तीन हजार एक सय नौ, साउनमा पाँच हजार तीन सय ४१, भदौमा पाँच हजार आठ सय ६०, असोजमा चार हजार नौ सय ६३, कात्तिकमा तीन हजार सात सय ५७, मङ्सिरमा पाँच हजार छ सय ९५, पुसमा सात हजार ८५, माघमा नौ हजार पाँच सय १३, फागुनमा १३ हजार नौ सय ७२ र चैतमा १६ हजार तीन सय ४८ जनाले वैदेशिक अध्ययनका लागि अध्ययन अनुमतिपत्र (एनओसी) लिएका थिए ।

यस वर्षको वैशाखमा १५ हजार सात सय ७१ र जेठमा १४ हजार छ सय १३ जनाले वैदेशिक अध्ययनका लागि अध्ययन अनुमतिपत्र लिएका छन् । अध्ययनका लागि अष्ट्रेलिया, जापान, अमेरिका र क्यानडा जानेको सङ्ख्या बढी छ । हाल औसतमा दैनिक छ सय जनाले वैदेशिक अध्ययन अनुमतिपत्रका लागि आवेदन दिइरहेको शाखाले जनाएको छ ।

अनलाइनबाट आवेदन दिने, रुजु गर्ने र एनओसी पाउने समय सम्बन्धित विद्यार्थीलाई जानकारी गराउन थालेपछि लाइन बस्नेको सङ्ख्या घट्नाका साथै सेवा प्रवाह सहज र छिटो भएको एनओसीले जिकिर गरेको छ ।

# विज्ञापनमा देखिएको नीतिगत समस्या समाधान हुन्छ : मन्त्री रिजाल

काठमाडौँ, २४ चैत (रासस) ।

उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री रमेश रिजालले विज्ञापनसम्बन्धी सरकार नीति बनाएर नै सहयोग गर्ने बताउनुभएको छ ।

राष्ट्रिय विज्ञापन संघ नेपालका साधारणसभालाई शुक्रबार यहाँ सम्बोधन गर्दै उहाँले भन्नुभयो, “विदेशी वस्तु यहाँ बिक्री हुन्छ तर विज्ञापन गरेको पाइँदैन । त्यसलाई कानुनी दायरामा ल्याएर नेपालमा विज्ञापनमार्फत प्रचारप्रसार गराउन सरकारले मद्दत गर्नेछ ।” उहाँले विज्ञापनको क्षेत्रलाई व्यवस्थित गर्दै बृहत् रूपमा अगाडि बढाउन सुझावसमेत दिनुभयो ।

गत असोजमा गठित तदर्थ समितिका अध्यक्ष धर्मेन्द्रकाजी श्रेष्ठले देशभरका विज्ञापन एजेन्सीको हितमा काम गरिरहेको र आगामी दिनमा पनि गर्ने जानकारी दिनुभयो ।

“हामीले छोटो समयमा नै हाम्रो सदस्य एजेन्सीको समस्यालाई समाधान गर्न कुनै कसर बाँकी राखेका छैनौँ । हामी विदेशी विज्ञापन यहाँ ल्याएर स्वदेश विदेशी मुद्रा भित्रचयाउन प्रयासरत छौँ ।” प्रारम्भिक साधारणसभाले दुईवर्षे कार्यकालको लागि नयाँ समिति चयन गर्नेछ ।

### *विभिन्न बिद्यालयमा ...*

बिद्यालयमा कक्षा कोठा नहुदाँ बिद्यार्थीहरूलाई पठनपाठनमा समस्या हुने गरेकोले भवन निर्माणले ठुलो सहयोग पुगेको राजदेवी माविका प्रधानाध्यापक दिनेश प्रसाद यादवले बताए ।

शिलान्यास कार्यक्रममा वडा सदस्य खेलानन्द यादव, शिवदत्त साह, बिद्यालय ब्यबस्थापन समितिका अध्यक्ष डम्बर नारायण यादब, समाजसेवी भन्नालाल यादब, सुकदेव यादब, इन्जिनियर अशोक दास लगायत संचारकर्मी, अभिभावकहरूको उपस्थिति रहेको थियो ।

### *स्वास्थ्य मन्त्रालयको ...*

घटाउनुपर्ने बताउनुभयो ।

उपत्यकामा चल्ने पुराना गाडी र इँटाभट्टाले धेरै नै वायु प्रदूषण गराउने उहाँको भनाइ थियो । कार्यक्रम विश्वस्वास्थ्य सङ्गठन नेपालका प्रमुख राजेश पाण्डवले वायु प्रदूषणले फोक्सोमा असर गरिरहेकाले त्यसबारे जानकारी गराउन कृत्रिम फोक्सो राखिएको बताउनुभयो ।

कार्यक्रममा एफएचआइ तीन सय ६० नेपालका प्रमुख भगवान श्रेष्ठले वायु प्रदुषणले स्वास्थ्यमा ठूलो समस्या आएकाले सचेतना फैलाउन आवश्यक रहेको बताउनुभयो ।

मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले मन्त्रालयको मूलद्वारमा राखिएको कृत्रिम फोक्सो दैनिक वायु प्रदूषणले कति खराब हुन्छ भन्ने देखाउने बताउनुभयो ।

उहाँले कृत्रिम फोक्सोमार्फत मन्त्रालयले वायु प्रदूषण र यसले स्वास्थ्यमा पार्ने प्रभावबारे आमसर्वसाधारण र सम्बन्धित सरोकारवालालाई सचेत गराउनुका साथै मास्क लगाउने र चरम प्रदूषणका समयमा सकेसम्म घर बाहिर ननिस्कनेलगायत सचेतना फैलाइने जानकारी दिनुभयो ।

मन्त्रालयको मूलद्वारमा एकातिर रातो रङ्ग स्वस्थ फोक्सो र अर्कोतिर सेता रङ्गको कृत्रिम फोक्सो राखिएको छ । दैनिक वायु प्रदूषणले सेता कृत्रिम फोक्सोलाई कसरी असर पर्दछ भन्ने देखाइनेछ । “तीस दिनको अवधिमा मन्त्रालयको मूलद्वारमा राखिएको जोडी फोक्सोको रङ्ग वायु प्रदूषणको प्रभावले परिवर्तन हुँदै जानेछ । यसबाट कसरी वायु प्रदूषणले हाम्रो फोक्सोलाई हानि गरिरहेको छ भनेर देखाउने छ”, उहाँले भन्नुभयो, “उक्त कृत्रिम फोक्सोसँगै काठमाडौँको स्वस्थ हावाको मापदण्ड नियमित देखाइनेछ ।”

मन्त्रालयका सहप्रवक्ता डा अधिकारीले मन्त्रालयमा कृत्रिम फोक्सो राख्नुका साथै सरकारले वायु प्रदूषणलाई सम्बोधन गर्नका लागि चालेका कदम र वायु प्रदूषणको असरलाई कम गर्न हरेक व्यक्तिले के गर्न सक्छन् भन्नेबारेमा पनि जनचेतना फैलाइने बताउनुभयो ।

सन् २०२२ मार्च ४ मा देखाएको वायु गुणस्तरसम्बन्धी तथ्याङ्कअनुसार विश्वका एक सय ३१ देशमध्ये धेरै वायु प्रदूषण हुने देशमा नेपाल १६औँ स्थानमा रहेको छ ।

नेपालमा सन् २०१९ मा वायु प्रदूषणका कारण ४२ हजार एक सयको मृत्यु भएको थियो भने त्यसमध्ये पाँच हजार ८० जनाको मृत्यु काठमाडौँमा मात्र भएको थियो ।


डा. कालीप्रसाद यादव
MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
डा. रिपला आचार्य
MBBS, MD (BPKIHS) NMC NO. 19992
छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ
डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी
यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।
सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी
हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७



सार्वजनिक सम्पत्तिको संरक्षण गरौं।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण नगरौं।
- सार्वजनिक सम्पत्ति स्याहार संभार गरी साझा हितमा प्रयोग गरौं।
- सार्वजनिक सम्पत्तिको संरक्षण गर्नु सबैको कर्तव्य हो।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण र हानिनोक्सानी कानूनी रुपमा दण्डनीय हुन्छ।
- सार्वजनिक सम्पत्तिको अतिक्रमण वा हानिनोक्सानी हुँदा सम्बन्धित निकायमा जानकारी गराउनु नागरिकको कर्तव्य हो।

नेपाल सरकार
विज्ञापन बोर्ड



देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६
ipay remit
City Express Money Transfer
Best Remit Quick & Easy
Prabhu Money Transfer
रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम
IME International Money Express
himal remit हिमालरेमिट
CG Money


**प्रकाशक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक :** दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *rajbirajdainik@gmail.com*, **वेवसाइट :** *rajbirajdainik.com.np*